# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१८८६
०१-४४५०९८६
०१-४४५०३५६


प.सं. : २०८०/०८१
च.नं. : ३०८५

मिति: २०८०।११।०९

विषय: नगरस्तरीय माध्यमिक तथा आधारभूत तहको विज्ञान प्रदर्शनी सम्बन्धमा।

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू,
कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा, यस नगरपालिकाको स्वीकृत शैक्षिक क्यालेन्डर २०८० मा उल्लेख भएअनुसार **नगरस्तरीय माध्यमिक तथा आधारभूत तहको विज्ञान प्रदर्शनी** गर्न अतिरिक्त क्रियाकलाप व्यवस्थापन समितिको मिति २०८०।११।०९ को निर्णयानुसार तपशिल मिति, समय, स्थानमा उक्त प्रदर्शनी संञ्चालन हुने भएकाले यस नगर अन्तर्गतका सम्पूर्ण विद्यालयहरूलाई अनिवार्य सहभागिताको लागि अनुरोध छ। यस प्रतिस्पर्धात्मक नगरस्तरीय आधारभूत तथा माध्यमिक तहको विज्ञान प्रदर्शनी देहाय अनुसार संञ्चालन हुने व्यहोरासमेत अनुरोध छ।

**प्रदर्शनी सञ्चालन हुने:**

मिति: २०८०।११।१६ विहान १०:३० बजेदेखि
स्थान: आदर्श मा वि, कागेश्वरी मनोहरा-३, भद्रवास, काठमाडौं ।
आवेदन दिने अन्तिम मिति: २०८०।११।१४ गते (कार्यालय समयभित्र शिक्षा तथा खेलकुद शाखामा)
कार्यक्रम सम्बन्धी विस्तृत जानकारीका लागि सम्पर्क व्यक्ति:
शिक्षक श्री डमरू प्रसाद पोखेल (सम्पर्क नं. ९८४१७३११२१, Email: prasadpokharel4@gmail.com)
स्रोत शिक्षक श्री राजेश श्रेष्ठ, (सम्पर्क नं. ९८४११७१०५७, Email: shresthasoft077@gmail.com)

**नगरस्तरीय माध्यमिक तथा आधारभूत विज्ञान प्रदर्शनीसँग सम्बन्धित नियम तथा जानकारीहरू:**

१. यस नगरअन्तर्गतका सम्पूर्ण विद्यालयहरू नगरस्तरीय माध्यमिक तथा आधारभूत तहको विज्ञान प्रदर्शनीमा अनिवार्य सहभागी हुनुपर्नेछ।
२. प्रत्येक विद्यालयले माध्यमिक तह र आधारभूत तहको लागि छुट्टाछुट्टै सहभागिता जनाउनु पर्नेछ। प्रत्येक तहको लागि कम्तीमा एक छात्रासहित दुई जनाको समूह हुनुपर्नेछ।
३. सहभागी विद्यालयहरूले प्रत्येक तहको लागि सम्पर्क शिक्षक तहगत समूहसँगै सहभागी हुनुपर्नेछ।
४. प्रदर्शनी आयोजना हुने स्थानमा प्रत्येक सहभागी विद्यालयको लागि तहगत रुपमा छुट्टाछुट्टै 6' X 6' (फिट) स्टलको व्यवस्था हुनेछ। प्रत्येक स्टलमा १ टेवल र ३ वटा कुर्सीको व्यवस्था हुनेछ ।
५. विद्युतको स्रोत (Electricity) आवश्यका हुने प्रोजेक्टको बारेमा यस शाखालाई अग्रीम जानकारी गराउनु पर्नेछ ।
६. माध्यमिक तह सञ्चालित विद्यालयबाट कम्तिमा ५० जना र आधारभूत तह सञ्चालित विद्यालयबाट कम्तीमा २५ जना विद्यार्थी प्रदर्शनी अवलोकन गर्न अनिवार्य रूपमा ल्याउनु पर्नेछ ।
७. एउटा विद्यालयबाट एउटा मात्र सामग्री वा परियोजना (प्रोजेक्ट) प्रतिस्पर्धामा सामेल गराइनेछ ।
८. सामग्रीको व्यवस्था सहभागी विद्यालय स्वयंले गर्नुपर्नेछ।
९. प्रदर्शनीमा सहभागी हुने विद्यालयले परियोजनाको परिचय खुल्ने गरी विद्यालयको नामसमेत खुलाई ब्यानर तयार गर्नुपर्नेछ ।
१०. सहभागी विद्यार्थी र प्रदर्शनी अवलोकन गर्ने सम्पूर्ण विद्यार्थीहरू अनिवार्य रुपमा विद्यालय पोशाकमा विद्यार्थी परिचयपत्रसहित उपस्थित हुनु पर्नेछ ।
११. प्रदर्शनीमा सहभागी विद्यालयहरूबाट सहभागीहरूको आवेदनको ढाँचापछि उपलब्ध गराइनेछ।
१२. प्रदर्शनीमा सहभागी विद्यालयहरूको मूल्याङ्कनको ढाँचा यसै पत्र साथ संलग्न रहेको छ।
१३. पुरस्कार (माध्यमिक र आधारभूत दुवै तहका लागि)
   (क) प्रथम : नगद रु १०,०००/- र प्रमाण पत्र
   (ख) द्वितीय : नगद रु ८,०००/- र प्रमाण पत्र
   (ग) तृतीय : नगद रु ५,०००/- र प्रमाण पत्र
   (घ) सान्त्वना : नगद रु २,०००/- र प्रमाण पत्र

(टेकेन्द्र प्रसाद ढकाल)
शिक्षा अधिकृत (आठौं)

कागेश्वरी मनोहरा नगरपालिका

नगरस्तरीय विज्ञान प्रदर्शनी-२०८०

| क.सं | मूल्यांकनका आधारहरू | अंक भार | प्रासाङ्क |
|---|---|---|---|
| १ | **प्रदर्शनमा प्रयोग हुने सामाग्री (Use of the Material)** | १० | |
| १.१ | स्थानीय श्रोत साधनको प्रयोग | ५ | |
| क | स्थानीय उपलब्धता (Locally Available) | ५ | |
| ख | आयातित (Imported) | २.५ | |
| १.२ | पर्यावरण मैत्री (Ecofriendly) | ५ | |
| क | पर्यावरण मैत्री (Ecofriendly) | ५ | |
| ख | गैर-पर्यावरण मैत्री (Non-Ecofriendly) | २.५ | |
| २ | **नवप्रवर्त (Innovation)** | ५ | |
| ३ | **सामाजिक उपयोगिता (Social Significance)** | ५ | |
| ३.१ | दैनिक उपयोगिता (Daily Uses) | २ | |
| ३.२ | उर्जा प्रयोग (Use of Energy) | ३ | |
| क | विना उर्जा प्रयोग (No energy consumption) | ३ | |
| ख | नविकरणीय उर्जा प्रयोग (Renewable) | २ | |
| ग | अनविकरणीय उर्जा प्रयोग (Non-renewable) | १ | |
| ४ | **पाठ्यक्रम तथा विषय क्षेत्र (Curriculum and subject matter)** | १० | |
| ४.१ | पाठ्यक्रमसँग सम्बन्धित (Curriculum Related) | २.५ | |
| ४.२ | विषय क्षेत्र (Physics, Chemistry, Biology) २.५ Each | ७.५ | |
| ५ | **प्रस्तुतीकरण (Presentation)** | २० | |
| ५.१ | प्रदर्शन र सेटअप (Display and setup) | ५ | |
| ५.२ | परियोजनाको व्याख्या (Explaination of project) | ५ | |
| ५.३ | अवधारणाको स्पष्टता (Clearity of the concept) | ५ | |
| ५.४ | आत्मविश्वास/निर्धक्कता (Confidence) | ५ | |
| | कुल (Total) | ५० | |

Tekendra Prasad Dhakal
Education Officer (Eight)